नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ति

मिति २०७५ साल मंसिर ४ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको समुपस्थितिमा नीति अनुसन्धान प्रतिष्ठानको परिचयात्मक बैठक सम्पन्न भयो ।

बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूले मुलुकमा राजनीतिक स्थिरता आएसँगै अब देशले विकासमा गति लिनुपर्ने र यो सबल नीतिको तर्जुमा र कार्यान्वयनबाट मात्रै सम्भव हुने बताउनुभयो ।

विकासको आवश्यकता पूर्ति गर्न एवम् मुलुकमा समृद्धि ल्याउन सुशासन र विकासलाई सँगसँगै लैजानुपर्ने र यसको लागि वस्तुपरक र वैज्ञानिक नीतिको तर्जुमा र तिनीहरूको सफल एवम् प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुने हुँदा वैज्ञानिक अध्ययन अनुसन्धान गरी सरकारलाई मार्गदर्शन गर्नका लागि प्रतिष्ठानको आवश्यकता र महत्व रहेको भन्दै सम्माननीय प्रधानमन्त्रीज्यूले नीति अनुसन्धान प्रतिष्ठान सरकार, राष्ट्र र जनताप्रति पूर्णरूपमा उत्तरदायी भई स्वतन्त्र रूपमा नीति अनुसन्धान गरी सरकारलाई सहयोग गर्ने निकाय भएको जानकारी गराउनुभयो ।

बैठकमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले विद्यमान नीतिको पुनरावलोकन गर्नुपर्ने र विज्ञहरूको मात्र नभई नीति तर्जुमा तथा कार्यान्वयनमा राष्ट्रसेवक कर्मचारीको समेत उत्तिकै सहभागिता हुनुपर्ने साथै नीति कार्यान्वयनमा समावेशिता सँगसँगै कसरी कुशलता हासिल गर्न सकिन्छ भन्नेतर्फ ध्यान पुग्नुपर्ने धारणा राख्नुभयो । आर्थिक विकासका लागि वैदेशिक लगानी आवश्यक रहेको र लगानीमैत्री वातावरणको लागि नीति सुधार महत्वपूर्ण हुने उहाँको भनाइ थियो ।

बैठकमा स्वागत मन्तव्य राख्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका श्रीमान् सचिव केदार बहादुर अधिकारीज्यूले नीति तथा कार्यक्रमको कार्यान्वयन एवम् आर्थिक, सामाजिक, परराष्ट्र एवम् विकास अनुसन्धानको लागि यो प्रतिष्ठान गठन भएको स्पष्ट गर्नुभयो ।

अनुसन्धान प्रतिष्ठानका अध्यक्ष प्राध्यापक डा. चैतन्य मिश्रले प्रतिष्ठानको विषय, उद्देश्य, दायरा र भावी कार्ययोजनाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । डा. मिश्रले कार्यपत्रमाथि उठेका जिज्ञासाहरूको जवाफ समेत दिनुभएको थियो ।

मिति २०७५।०६।०५ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयबाट गठित प्रतिष्ठानले राज्यले लिनुपर्ने समग्र क्षेत्रको नीतिबारे सुझाव दिनसक्नेछ । नीतिलाई अनुसन्धानमा आधारित बनाउने, विद्यमान नीतिहरूलाई अद्यावधिक र समयसापेक्ष पुनरावलोकन गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यका साथ प्रतिष्ठान गठन गरिएको हो ।

बैठकमा नेपाल सरकारका मुख्यसचिवज्यू, उच्च पदस्थ सरकारी अधिकारीहरू र नीति अनुसन्धानसँग सम्बन्धित सयभन्दा बढी सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

मितिः २०७५।०८।०४

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np